# राष्ट्रिय मानवअधिकार आयोग

हरिहरभवन, ललितपुर


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६८ माघ ६

## बास्तविक सुकुम्बासीको पहिचान गरी बसोबासको व्यवस्था गर्न आग्रह ।

बर्षौदेखि चुनौतीपूर्ण रुपमा विद्यमान नेपाली सुकुम्बासीहरुको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य लगायतका समस्याहरु समाधानको लागि विगतमा पनि विभिन्न प्रयत्नहरु भएका हुन् । सुकुम्बासी समस्या र समाधानको लागि विगतमा बनेका उच्चस्तरीय आयोगलगायत विभिन्न निकाय समय-समयमा विभिन्न सुझाव र सिफारिसहरु नेपाल सरकारलाई प्रस्तुत गरेको भएता पनि त्यसको पूर्ण समाधान हुन सकेको छैन । हाल आएर काठमाडौं जिल्लाभित्र बागमती करिडोरलगायतका क्षेत्रहरुमा शहरको व्यवस्थित बसोबासको निम्ति नेपाल सरकारबाट भएका प्रयत्नहरु विरुद्ध सुकुम्बासीसंग सम्बन्धित संघसंस्थाहरुले आफ्ना हकहित संरक्षणका लागि विभिन्न अभियान र आन्दोलनहरु चलाइराखेको देखिन्छ । यस विषयमा सरकार र सुकुम्बासी आन्दोलनका नेताहरु बीच भएका संवाद र संघर्षबारे यस आयोगको ध्यानाकर्षण भएको छ ।

लामो समयदेखि समाधानको प्रकृयामा रहेका सुकुम्बासीहरुको समस्या र हकहित संरक्षणको विषयलाई संघर्ष र द्वन्द्वबाट भन्दा शान्तिपूर्ण संवादको माध्यमबाट समाधान होस् भन्ने आयोगको चाहना रहेको छ । सुकुम्बासीको नाममा कोही कसैले राज्यको स्वामित्वमा रहेको घर-जग्गा गैरकानुनी ढंगले हासिल गर्न नपाओस् तर बर्षौदेखि बस्दै आएका घर-जग्गा र आश्रमविहीन वास्तविक सुकुम्बासीहरुको सही ढंगले पहिचान गरी उनीहरुको हकहितको संरक्षणमा राज्यबाट सकारात्मक पहल होस् भन्ने आयोगको विचार रहेको छ । तसर्थ, शहरको व्यवस्थित र वातावरण मैत्री बसोबास सुरक्षित गर्न र वास्तविक सुकुम्बासीको हक-हित संरक्षणको निम्ति राज्यलगायत सबै सम्बन्धित पक्षबाट संवाद र शान्तिपूर्ण माध्यमबाट समस्याको समाधान गर्न पहल होस् भनी आयोग आर्दिक आग्रह गर्दछ ।

.......................

विशाल खनाल

सचिव


फोन नं. ५०१००१५, १६, १७, १८ फ्याक्स नं. ००९७७-१-५५४७९७३

पो.ब.नं. ९१८२ काठमाडौं, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org